# प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६

## (पहिलो संशोधन सहित मिलाइएको)

- प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट नियमावली स्वीकृत मितिः२०७६।०७।०४
- प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट पहिलो संशोधन स्वीकृत मितिः २०७६।०८।१३

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम **प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली,** २०७६ रहेको छ ।

(२) यो नियमावली प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,—

(क) "आयोजना" भन्नाले यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रम अन्तर्गतको योजना वा आयोजना सम्झनु पर्छ ।

(ख) "उपभोक्ता समिति" भन्नाले स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूमध्येबाट प्रचलित कानून बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले यस नियमावली बमोजिम सञ्चालन हुने प्रदेश पूर्वाधार विकास कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रम अन्तर्गत सञ्चालन हुने पूर्वाधार विकास आयोजना समेतलाई जनाउँछ ।

(घ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय वा नगर कार्यपालिकाको कार्यालय वा उपमहानगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले नियम ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

३. **आयोजना छनौट तथा निर्देशक समितिः** (१) यस नियमावली बमोजिम आयोजनाको छनौट, कार्यान्वयन तथा अनुगमन गर्न प्रत्येक निर्वाचन क्षेत्रमा देहाय बमोजिमको आयोजना छनौट तथा निर्देशक समिति रहनेछः-

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम कायम रहेका निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित प्रदेश सभाको सदस्य - संयोजक

(ख) नेपालको संविधानको धारा १७६ उपधारा (१) को खण्ड (ख) बमोजिमका प्रदेश सभाका समानुपातिक सदस्य - सदस्य

(ग) सम्वन्धित जिल्लाको जिल्ला समन्वय अधिकारी - सदस्य सचिव

(२) प्रदेश सभाका समानुपातिक सदस्य आफ्नो स्थायी ठेगाना भएको जिल्ला भित्रको कुनै एक निर्वाचन क्षेत्रको उपनियम (१) बमोजिमको समितिमा सदस्य हुन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सदस्य हुन चाहने प्रदेश सभाका समानुपातिक सदस्यले भाद्र १५ गतेभित्र आफू सदस्य हुन चाहेको निर्वाचन क्षेत्र खुलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र समितिमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

तर, आ.व. २०७६।०७७ को हकमा कार्तिक २० गतेभित्र आफू सदस्य हुन चाहेको निर्वाचन क्षेत्र खुलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र समितिमा लिखित रुपमा जानकारी गराउन बाधा पर्ने छैन ।

(४) उपनियम (१) को खण्ड (क) बमोजिमको प्रदेश सभाको सदस्य कुनै कारणले निलम्वन भएको वा निजको पद रिक्त भएको अवस्थामा सम्वन्धित जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने ज्येष्ठ समानुपातिक सदस्यले संयोजक भई कामकाज गर्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्वाचन क्षेत्र अन्तर्गत रहेका स्थानीय तहको वार्षिक विकास कार्यक्रमको विवरण सङ्कलन तथा विश्लेषण गर्ने,

(ख) यस नियमावली बमोजिम लागत साझेदारी हुन सक्ने आयोजनाको विवरण सङ्कलन तथा विश्लेषण गर्ने,

(ग) कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना छनौटका मापदण्ड तयार गर्ने,

(घ) नियम ७ बमोजिम छनौट भएका आयोजनाको स्वीकृति प्रदान गर्ने,

(ङ) कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन समन्वय, सहजिकरण, अनुगमन तथा सुपरीवेक्षण र प्रगति समिक्षा गर्ने,

(च) कार्यक्रमको प्रगति प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने, र

(छ) अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

५. **समितिको बैठक सम्वन्धी कार्यविधिः** (१) समितिको बैठक देहाय बमोजिम वर्षको कम्तीमा ५ पटक बस्नेछः–

(क) गत आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनको समिक्षा गर्न भाद्र मसान्तभित्र,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

(ख) चालू आर्थिक वर्षको कार्यक्रम छनौट सम्बन्धी छलफल गर्न असोज १५ गतेभित्र,

(ग) कार्यक्रमको छनौट गर्न र कार्यान्वयन सम्बन्धी मार्गदर्शन गर्न कार्तिक १५ गतेभित्र,

(घ) चालू आर्थिक वर्षमा कार्यान्वयनमा रहेका कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न बैशाख मसान्तभित्र कम्तिमा २ पटक,

(ङ) आगामी आर्थिक वर्षको लागि बार्षिक योजनामा कार्यक्रम समावेश गर्न अषाढ मसान्तभित्र ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस आर्थिक बर्ष २०७६।०७७ को लागि सो उपनियमको खण्ड (क) र (ख) मा उल्लिखित कार्य कार्तिक मसान्तभित्र र खण्ड (ग) मा उल्लिखित कार्य मंसिर १५ गतेभित्र गर्न बाधा पर्ने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकता अनुसार आकस्मिक बैठक बस्न बाधा पर्ने छैन ।

(४) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) समितिको सदस्य सचिवले संयोजकको निर्देशन बमोजिम बैठक बोलाउनु पर्नेछ । बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा २ दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

तर आकस्मिक रुपमा बैठक बस्नु परेमा तत्काल सूचना दिई बैठक बस्न बाधा पर्ने छैन ।

(६) समितिको बैठकमा कुनै सदस्यको अनुपस्थितिका कारणले मात्र समितिको काम कारवाहीमा बाधा पुग्ने छैन ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि योजना छनौट सम्वन्धी निर्णय गर्दा बैठकमा संयोजक सहित बहुमत सदस्य उपस्थित भएको हुनु पर्नेछ ।

(८) संयोजकले आफ्नो अनुपस्थितिमा आफ्नो निर्वाचन क्षेत्र रहेको जिल्लावाट समानुपातिक सदस्यको रुपमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने जेष्ठ सदस्यलाई बैठकको अध्यक्षता गर्न लिखित रुपमा अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(९) समितिको निर्णय सम्भव भएसम्म सर्वसम्मत ढंगले गर्नु पर्नेछ । बैठकमा सर्वसम्मत ढंगले निर्णय हुन नसकेमा संयोजकको निर्णय अन्तिम हुनेछ ।

(१०) समितिको सदस्य सचिवले संयोजकको निर्देशन बमोंजिम बैठकको व्यवस्थापन गर्ने, निर्णय कार्यान्वयन गर्ने, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रगति प्रतिवेदन पेश गर्ने र समितिले तोकेको अन्य आवश्यक कार्य गर्नु पर्नेछ ।

(११) समितिको बैठकमा जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुख, स्थानीय तहका प्रमुख वा उपप्रमुख, अध्यक्ष वा उपाध्यक्ष वा अन्य विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(१२) समितिको बैठक सम्वन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

६. **आयोजनाको किसिमः** (१) यस नियमावली बमोजिम देहायका सार्वजनिक उपयोगसँग सम्बन्धित पूर्वाधार विकास सम्वन्धी आयोजना सञ्चालन र कार्यान्वयन गर्न सकिनेछः–

(क) भू-क्षय नियन्त्रण, नदी, गल्छी तथा पहिरो रोकथाम एवं सिंचाई सम्बन्धी आयोजना,

(ख) सडक निर्माण तथा स्तरोन्नति (सडक, सडक पुल, झोलुङ्गे पुल, कल्भर्ट, ढल, काठेपुल निर्माण) सम्बन्धी आयोजना,

(ग) खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साइट निर्माण आयोजना,

(घ) ऐतिहासिक, सांस्कृतिक, साहित्य, कला एवं पर्यटकीय स्थलको संरक्षण, जिर्णोद्वार तथा निर्माण आयोजना,

(ङ) नवीकरणीय उर्जा, लघु जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना,

(च) प्रसुति भवन, ब्लड बैंक लगायत स्वास्थ्य सम्वन्धी पूर्वाधार, सामुदायिक सभागृह, बाल विकास केन्द्र, वृद्धाश्रम, अनाथालय तथा पुनर्स्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,

(छ) कृषि उपज संकलन केन्द्र निर्माण तथा हाट बजार व्यवस्थापन सम्बन्धी आयोजना,

**(ज) [1]सामुदायिक विद्यालय र सहकारीको भौतिक पूर्वाधार विकास सम्वन्धी आयोजना,**

(झ) फरक क्षमता भएका व्यक्तिहरुको हित प्रवर्द्धन हुने भौतिक निर्माण सम्बन्धी आयोजना,

(ञ) द्वन्द्व पीडित परिवारको हित प्रवर्द्धन हुने भौतिक निर्माण सम्वन्धी आयोजना,

(ट) खेलकुद पूर्वाधार एवं मानव संशाधन विकास सम्बन्धी आयोजना,

(ठ) सामुदायिक विद्यालयमा सूचना प्रविधी (ICT) प्रयोगशाला स्थापना सम्वन्धी आयोजना र

(ड) विगतमा सञ्चालनमा आएका अधुरा कार्यक्रमलाई पूर्णता दिने आयोजना ।

(२) कार्यक्रम अन्तर्गत राजनैतिक दल सम्बद्ध संघ संगठनको पूर्वाधार विकास सम्बन्धी आयोजना संचालन गर्न, जग्गा खरिद वा मुआब्जा वितरण गर्न, सामग्री खरिद गरी वितरण गर्न, गैरसरकारी संस्था वा सहकारी संस्थामार्फत आयोजना कार्यान्वयन गर्न र पूर्वाधार विकासभन्दा बाहेक अन्य प्रकृतिका आयोजना छनौट गर्न पाइने छैन ।

७. **आयोजनाको छनौट तथा प्राथमिकताः** (१) समितिले नियम ६ मा उल्लिखित आयोजनाहरु मध्येबाट यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजना प्रत्येक बर्षको कार्तिक १५ गतेभित्र छनौट गर्नु पर्नेछ ।

तर, चालु आ.व. २०७६।०७७ को लागि कार्यान्वयन हुने आयोजना [2]**मंसिर मसान्तसम्म** छनौट गर्न बाधा पर्ने छैन ।

---

[1] प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७६ द्धारा संशोधन गरिएको ।

[2] ऐ.ऐ.

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

(२) समितिले आयोजना छनौट गर्दा सम्भव भएसम्म एक आर्थिक वर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना छनौट गर्नु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आयोजना एक आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने अवस्थामा स्थानीय तहले आफ्नो योजनामा समावेश गरी बहुवर्षीय योजनाको रुपमा कार्यान्वयन गर्न सक्नेछ ।

(४) यस नियम बमोजिम छनौट भएको आयोजनाको विवरण समितिले अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका सहित अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरी छनौट भएको ७ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्वन्धित स्थानीय तह, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्वन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिमको अवधीभित्र छनौट नभएका आयोजनामा यस नियम बमोजिमको रकम निकासा हुने छैन ।

(६) कुनै आयोजनाको सम्झौता माघ मसान्तभित्र हुन नसकेमा वा गम्भीर विवाद भई आयोजना कार्यान्वयन हुन नसक्ने अवस्था परेमा समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई फागुन १५ भित्र एक पटकका लागि मात्र यस नियमावली बमोजिम अर्को आयोजना छनौट गर्न वा परिवर्तन गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम छनौट भएको आयोजनाको जानकारी ७ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धित स्थानीय तह, प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा समेत दिनु पर्नेछ ।

(८) उपनियम (४) र (७) बमोजिम प्राप्त भएको विवरणको आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विनियोजन भएको रकमलाई शिर्षकगत बाँडफाँडको सम्वन्धमा निर्णय गरी आयोजना कार्यान्वयनका लागि सम्वन्धित निकायलाई अख्तियारी सहित निर्देशन दिनु पर्नेछ ।

(९) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) आयोजना छनौट गर्दा सहभागितामूलक योजना पद्धति अवलम्वन गर्नुपर्ने,

(ख) प्रदेश सभाका सम्बन्धित समानुपातिक सदस्यले प्रस्ताव गरेको पूर्वाधार सम्वन्धी आयोजनालाई समेत सम्वोधन गर्नुपर्ने,

(ग) स्थानीय नागरिकको आवश्यकता, प्राथमिकता र विकासमा सन्तुलन कायम हुने आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

(घ) सम्बन्धित स्थानीय तहको सभाबाट स्वीकृत भएको तर बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका आयोजनालाई प्राथमिकता दिने,

(ङ) सम्बन्धित स्थानीय तहबाट स्वीकृत भई बजेट विनियोजन भए तापनि पर्याप्त नभएको कारण बजेट थप गर्नुपर्ने आयोजना छनौट गर्न सकिने, र

(च) विपद्वाट क्षति भएका वा जोखिममा परेका वा सोको पुनःनिर्माण, नियन्त्रण र रोकथामका निमित्त बजेट व्यवस्था नभएका वा बजेट व्यवस्था भए पनि पर्याप्त नभएका आयोजना छनौट गर्न सकिने ।

(१०) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहायका आयोजनालाई समेत प्राथमिकता दिनु पर्नेछः-

(क) स्थानीय तहको आवधिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना,

(ख) श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना,

(ग) बढी जनसहभागिता हुने पूर्वाधार सम्बन्धी आयोजना,

(घ) विपद्बाट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्व तयारी र जोखिम न्यूनीकरण गर्ने पूर्वाधार सम्बन्धी आयोजना, र

(ङ) सम्बन्धित निर्वाचन क्षेत्र भित्रका स्थानीय तहले दुई वा सो भन्दा बढी स्थानीय तहलाई फाइदा पुग्ने भनी छनौट गरिदिन अनुरोध गरेका पूर्वाधार सम्बन्धी आयोजना ।

(११) यस नियमावली बमोजिम एक निर्वाचन क्षेत्रमा कम्तीमा पचास लाख रुपैंया बराबरको एउटा आयोजना अनिवार्य रुपमा छनौट गर्नुपर्नेछ । आयोजना छनौट गर्दा दश लाख रुपैयाभन्दा न्यून रकम विनियोजन गर्न पाईने छैन ।

तर दश लाख रुपैंयाँ भन्दा तलका [३]**दश** आयोजनाहरु छनौट गर्न बाधा पर्ने छैन ।

(१२) समितिले यस नियमावली बमोजिम एक भन्दा बढी स्थानीय तहमा पर्ने आयोजनाको कार्यान्वयन कुनै एउटा स्थानीय तहबाट वा कामको परिमाणको आधारमा सम्बन्धित स्थानीय तहमा विभाजन गरी तोक्न सक्नेछ ।

(१३) यस नियमावली बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धित स्थानीय तह, प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा आयोजना वा कार्यक्रम छनौटको विवरण उपलब्ध गराउने जिम्मेवारी जिल्ला समन्वय अधिकारीको हुनेछ ।

---

[३] प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

८. **आयोजनामा साझेदारी गर्न सकिने:** (१) यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजनामा सम्बन्धित स्थानीय तहले आफ्नो मिल्दो आयोजनाबाट लागत साझेदारी गर्न सक्नेछ ।

(२) यस कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजनामा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम उपभोक्ता समितिबाट लागत साझेदारी गर्नु पर्नेछ ।

(३) कार्यालयले उपनियम (१) र (२) बमोजिमको रकम समेत समावेश गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नु पर्नेछ ।

(४) समितिले लागत साझेदारी बढी हुने आयोजना छनौट गरी कार्यान्वयन गर्न प्राथमिकता दिने गरी मापदण्ड बनाउन सक्नेछ ।

(५) यस नियमावली बमोजिम लागत साझेदारीमा आयोजना कार्यान्वयन गर्दा काम र लागतको अंश लगायतका आवश्यक विवरण सम्झौतामा खुलाउनु पर्नेछ ।

९. **आयोजनाको सञ्चालन तथा कार्यान्वयन:** (१) समितिबाट यस नियमावली बमोजिम छनौट भएका आयोजना कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको प्रदेश स्थित निकाय वा सम्वन्धीत स्थानीय तह मा पठाउनु पर्नेछ ।

तर, आयोजनाको प्रकृतिका आधारमा सम्वन्धित निकायको समन्वयमा संघ अन्तर्गतका निकायवाट आयोजना कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

(२) उपनियम (१) बमोजिम प्राप्त आयोजनाको सञ्चालन तथा कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम ठेक्का प्रणालीवाट वा उपभोक्ता समिति मार्फत गराउन सकिनेछ ।

(३) यस नियमावली बमोजिमको आयोजना कार्यान्वयनको लागि उपभोक्ता समिति गठन गर्दा प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नु पर्नेछः-

(क) उपभोक्ता समिति गठन गर्दा कम्तीमा तेत्तिस प्रतिशत महिला हुने गरी समावेशीताको सिद्धान्त अपनाउनु पर्ने,

(ख) उपभोक्ता भेला गरेको माइन्युट र फोटो वा दृष्य सामग्री संलग्न हुनुपर्ने,

(ग) आयोजना कार्यान्वयन गर्ने निकाय वा स्थानीय तहको प्रतिनिधिलाई सहभागी गराएको हुनुपर्ने,

(घ) उपभोक्ता समितिमा राजनितिक दलका जिल्ला, नगर र गाउँ कमिटीका पदाधिकारी (सम्वन्धित दलको विधान अनुसार) राख्न नहुने,

(ङ) अन्य कुनै उपभोक्ता समितिको पदाधिकारी रहेको हुन नहुने,

(च) राज्यकोषवाट तलवभत्ता पाउने गरी नियुक्त भएका शिक्षक, कर्मचारी लगायत अन्य राष्ट्रसेवक हुन नहुने,

(छ) उपभोक्ता समितिमा कुनै पनि तहका जनप्रतिनिधि सदस्य रहन नपाउने,

(ज) कुनै अदालत वा निकायवाट फौजदारी अभियोगमा सजाय पाएको हुन नहुने,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

(झ) सरकारी वक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी रहेको हुन नहुने, र

(४) यस नियमावली बमोजिम निर्माण हुने भौतिक पूर्वाधार महिला, बालबालिका तथा फरक क्षमता भएका व्यक्तिमैत्री हुनु पर्नेछ ।

(५) यस नियमावली बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरु उपभोक्ता समितिले ठेक्का वा अन्य कुनै तरिकाबाट अन्य व्यक्ति वा संस्थामार्फत काम गराएको पाइएमा समितिले त्यस्तो आयोजना खारेजका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम सिफारिस प्राप्त भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सो सम्वन्धमा जाँचबुझ गरी सिफारिस जायज देखेमा आयोजना खारेज गर्न सक्नेछ । त्यसरी खारेज भएको आयोजनामा कुनै किसिमको भुक्तानी गरिने छैन ।

(७) आयोजना कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेतको जानकारी आयोजना स्थल, स्थानीय तहको कार्यालयको सूचनापाटी र सम्वन्धित निकायको वेवसाइटमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

१०. **<u>रकम निकासा सम्बन्धी व्यवस्था:</u>** (१) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोजना कार्यान्वयन गर्ने गरी अनुसूची २ बमोजिम हुन आउने रकम सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत नियम ९ को उपनियम (१) बमोजिमको आयोजना कार्यान्वयन गर्ने निकाय वा स्थानीय तहमा रकम निकासाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) समितिले यस नियमावली बमोजिम आयोजना छनौट गरी पेश गरिसकेपछि प्रदेश सभाका सदस्यको कार्यकाल समाप्त भएपनि आयोजना कार्यान्वयन तथा रकम निकासा गर्न बाधा पर्ने छैन ।

११. **<u>अनुगमन तथा सुपरिवेक्षण:</u>** (१) यस नियमावली बमोजिम कार्यान्वयन गरिने आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी समितिको हुनेछ । आयोजना कार्यान्वयन हुने स्थानीय तहले आफ्नो क्षेत्रभित्रका आयोजनाको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले अनुगमन तथा सुपरिवेक्षण गर्दा प्रदेश सरकारका सरोकारवाला निकाय र स्थानीय तहलाई समेत समावेश गरी संयुक्त रुपमा गर्नु पर्नेछ ।

(३) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस नियमावली बमोजिम कार्यान्वयनमा रहेका आयोजनाको जुनसुकै बखत अनुगमन तथा सुपरिवेक्षण गर्न वा गराउन सक्नेछ ।

(४) कुनै आयोजना कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तरमा कुनै प्रश्न उठेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बिशेषज्ञ सहितको विशेष टोली गठन गरी जाँचबुझ तथा अनुगमन गराउन सक्नेछ ।

(५) उपनियम (१) बमोजिम समिति वा स्थानीय तहले गरेको अनुगमन तथा सुपरिवेक्षणको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

(६) यस नियमावली बमोजिमको जाँचबुझ वा अनुगमन तथा सुपरिवेक्षण टोलीवाट प्राप्त प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी वा सरोकारवालालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्देशन दिन सक्नेछ ।

(७) उपनियम (६) बमोजिम प्राप्त निर्देशनलाई कार्यान्वयन गर्नु सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी वा सरोकारवालाको कर्तव्य हुनेछ ।

(८) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस नियम बमोजिम दिएको निर्देशन कार्यान्वयन नगर्ने उपभोक्ता समिति वा निर्माण व्यवसायी वा सरोकारवालाको रकम भुक्तानी रोक्का गर्न वा रोक्काको लागि निर्देशन दिन सक्नेछ ।

(९) उपनियम (४) बमोजिम गठन भएको बिशेषज्ञ सहितको विशेष टोलीको प्रतिवेदनबाट आयोजना कार्यान्वयनमा गम्भीर लापरवाही भएको वा आर्थिक अनियमितता भएको देखिएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

१२. **सार्वजनिक परीक्षणः** (१) यस कार्यविधि बमोजिम सञ्चालित आयोजनाहरू कार्य सम्पन्न भएपछि आयोजना कार्यान्वयन गर्ने निकाय वा स्थानीय तहले प्रचलित कानून बमोजिम सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सार्वजनिक परीक्षण गर्दा कम्तीमा देहायको विधि अवलम्बन गर्नु पर्नेछः-

(क) सार्वजनिक सुनुवाई वा नागरिक समाजबाट परीक्षण,

(ख) आम्दानी खर्चको विवरण जाँच,

(ग) लाभग्राही सन्तुष्टि फाराम भरी प्रमाणित गर्ने ।

(३) उपनियम (१) बमोजिम सार्वजनिक परीक्षण गरेको प्रतिवेदन संलग्न नभएसम्म अन्तिम भुक्तानी दिइने छैन ।

१३. **आयोजनाको प्राविधिक मूल्याङ्कन, जाचँपास र फरफारकः** (१) यस नियमावली बमोजिमको आयोजनामा भएको खर्चको सक्कल बील भौचर सहितको आवश्यक विवरण कागजात सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी वा सरोकारवालाले कार्यक्रम कार्यान्वयन गर्ने निकाय वा कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम हिसाब फछ्र्यौटका लागि सक्कल बील भौचर सहितको आवश्यक विवरण कागजात प्राप्त भएपछि आयोजना कार्यान्वयन गर्ने निकाय वा कार्यालयले जाँचपासका लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामको गुणस्तर र परिमाणमा पछिसम्म फरक नपर्ने गरी प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचपासका लागि खटिएको प्राविधिकले नियम ११ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य अनुगमन तथा सुपरिवेक्षण टोलीले दिएको निर्देशन कार्यान्वयन भए नभएको र सम्झौता बमोजिम काम भए, नभएको स्पष्ट खुलाई प्रतिवेदन दिनु पर्नेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

(४) उपनियम (२) र (३) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा आयोजना कार्यान्वयन गर्ने निकाय वा कार्यालयले त्यस्तो कामको जाँचपास गरी प्रचलित कानून बमोजिम फरफारक गरिदिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम रकम फरफारक भैसकेपछि १५ दिनभित्र सोको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र समिति समक्ष पेश गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिम आयोजना कार्यान्वयन गर्ने निकाय वा कार्यालयले पेश गरेको विवरण समितिको सदस्य सचिवले चौमासिक रूपमा सार्वजनिक गर्नु पर्नेछ ।

१४. **कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः** (१) यस नियमावली बमोजिम प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयले कूल आयोजना रकमको १ प्रतिशतले हुन आउने रकम मध्येबाट ७५ प्रतिशत रकम सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालय र बाँकी २५ प्रतिशत रकम आयोजना कार्यान्वयन गर्ने निकाय वा स्थानीय तहलाई प्रशासनिक खर्चको रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको रकम बैठक व्यवस्थापन गर्न, स्वयंसेवक परिचालन गर्न, अनुगमन तथा सुपरिवेक्षण गर्न, सार्वजनिक परिक्षण गर्न, कार्यक्रमको समिक्षा गर्न, प्रतिवेदन गर्न समेतका लागि खर्च गर्न सक्नेछ ।

(३) प्रचलित कानून वमोजिम समितिका पदाधिकारीहरुको अनुगमन खर्च उपनियम (१) वमोजिमको रकमबाट जिल्ला समन्वय समितिको कार्यालयले व्यवस्था गर्नेछ ।

(४) यस नियमावली बमोजिमको आयोजना कार्यान्वयनको समन्वय र सहजीकरण गर्न [४]**जिल्ला समन्वय अधिकारीले** समितिको संयोजकको [५]**सिफारिसमा** एकजना स्वयंसेवक परिचालन गर्न सक्नेछ ।

(५) उपनियम (३) बमोजिमको स्वयंसेवकले आफूले गरेको कामको प्रतिवेदन नियमित रुपमा समितिमा पेश गर्नु पर्नेछ ।

१५. **लेखा तथा लेखापरीक्षणः** (१) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त अख्तियारी बमोजिमको रकम निकासा तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी खर्च गर्ने निकाय वा कार्यालयको हुनेछ ।

(२) खर्च गर्ने निकाय वा कार्यालयले उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ ।

१६. **कार्यक्रमको प्रतिवेदन तथा प्रगति समीक्षाः** (१) कार्यक्रम कार्यान्वयन गर्ने निकाय वा स्थानीय तहले सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले ७ दिनभित्र समितिमा पठाउनु पर्नेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

---

[४] प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

[५] ऐ.ऐ.

(२) समितिको निर्देशनमा समितिको सदस्य सचिवले सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले १५ दिन भित्र पठाउनु पर्नेछ ।

(३) समितिले प्रत्येक आथिक बर्षको अन्त्यमा सरोकारवाला सबै मन्त्रालय, निकाय र कार्यालयको सहभागितामा कार्यान्वयनमा लगिएका कार्यक्रमको समिक्षा गर्नु पर्नेछ ।

१७. **निर्देशन दिन सक्ने:** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश पूर्वाधार विकास कार्यक्रमको कार्यान्यवनलाई थप पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

१८. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने:** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

१९. **बाधा अड्काउ फुकाउने:** यस नियमावलीको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नियमावलीको व्यवस्थाको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

२०. **खारेजी तथा बचाउ:** (१) प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको नियमावली अनुसार भए गरेको काम कारबाही यसै नियमावली बमोजिम भएको मानिनेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

अनुसूची — १

(नियम (७) को उपनियम (४) सँग सम्बन्धित)

## प्रदेश पूर्वाधार विकास कार्यक्रम

कार्यान्वयन तालिका

## (समितिले पठाउनु पर्ने विवरण)

**जिल्लाः** ................................ **मितिः** .......................

**प्रदेश सभा निर्वाचन क्षेत्र नं.** ..............................

| क्र.सं. | संचालन हुने आयोजनाको विवरण | संचालन हुने स्थानीय तह/वडा नं. टोल | लक्ष्य एकाइ | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | लागत सहभागीबाट व्यहोरीने रकम रु. | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कार्यक्रमबाट | स्थानीय तहबाट | जनसहभागीता | जम्मा | | |
| | | | | | | | | | | | | |

**नामः** .................................................... **पद** ............................... **सही** ........................... **छाप** ...........................

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

अनुसूची — २

(नियम (७) को उपनियम (४) सँग सम्बन्धित)

आर्थिक वर्ष २०७....../......

जिल्लाः ............................... प्रदेश सभा निर्वाचन क्षेत्र नं. ....................

मितिः .................

| सि.नं. | कार्यक्रम संचालन हुने स्थानीय तह | योजनाको संख्या | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | ....................... पालिका | | | |
| २. | ....................... पालिका | | | |
| ३. | ....................... पालिका | | | |
| ४. | ....................... पालिका | | | |
| ५. | ..................................... | | | |
| ६. | ..................................... | | | |
| ७. | नियम १४ बमोजिमको प्रशासनिक खर्चको रकम | | | |
| | जम्मा | | | |

नामः .......................................... पद ...................... सही ...................... छाप ..................

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली